नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री हिरालाल रेग्मीज्युले गरेको फैसला

मुद्दा-:अभद्र व्यवहार ।

मि.नं. ३६८, दायर मिति-:२०७९-१०-२६

फैसला मिति-२०८०-०७-२३

वादी

गुडिया कुमारी मण्डलको जाहेरीले नेपाल सरकार-१

प्रतिवादी

जिल्ला बारा परवानीपुर गा.पा.वडा नं.१ रहरियाडिह टोल बस्ने बर्ष २५ को दिपक मण्डल भन्ने दिपक कुमार मण्डल समेत ३--------------------------------१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१.प्रतिवाहरुदीले बादविबाद हो-हल्ला,हातपात ,लछारपछार,कुटपिट र बेईजती समेत गरी अभद्र व्यवहार गरेको भन्ने गुडीया कुमारी मण्डल को जाहेरी दरखास्त।

२. बादविबाद हो-हल्ला,हातपात ,लछारपछार,कुटपिट र बेईजती समेत गरी अभद्र व्यवहार गरेकोले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

३. बादविबाद हो-हल्ला,हातपात ,लछारपछार,कुटपिट र बेईजती समेत गरी अभद्र व्यवहार गरेकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका गजुरेल बैटा समेतको घटनाविवरण कागज।

४.वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

५.जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

## ठहर-खण्ड

यसमा अभियोग बमोजिम मैले कसूर गरेको हैन भनी प्रतिवादीले ईन्कारी बयान गरेतापनी मिति २०७९/९/९ गते जिल्ला पर्सा बिरगंज म.न.पा.वडा नं.१५ सुर्यदयटोल स्थित प्रतिवादीहरु दिपक मण्डल भन्ने दिपक कुमार मण्डल,गगन मण्डल र मिथुन मण्डल समेतले जाहेरवाली गुडिया कुमारी मण्डलसँग बादबिवाद तथा गली गलौज गर्दै कुटपिट समेत गरी अभद्र व्यवहार गरेको भन्ने घटनास्थल मुचुल्का, तथा गुडिया कुमारी मण्डलको जाहेरी दरखास्त ,सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादी गरेको बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी दिपक मण्डल भन्ने दिपक कुमार मण्डललाई जरिवाना रु ५,०००।- गर्ने र फरार प्रतिवादी गगन मण्डल र मिथुन मण्डललाई जरिवाना जनही रु १०,०००।- गर्ने । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी दिपक मण्डल भन्ने दिपक कुमार मण्डललाई ठहरेको जरिवानाको हकमा मिति २०७९-१०-२७ गते र.नं. ५५५ बाट दाखिला गरेको धरौटी रकम रु ५,०००।- बाट जरिवाना रकम रु ५,००० कट्टा गरि मिनाहा गर्नु र फरार प्रतिवादीहरु गगन मण्डल र मिथुन मण्डललाई जरिवाना जनही रु १०,०००।- असुलउपर गर्ने जिल्ला प्रहरी कार्यालय ,पर्सालाई पत्र लेख्नु ।------------------------------------------------------------------------------------------१

२.प्रस्तुत फैसलामा चित नबुझे३५ दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीहरुलाई पुनरावेदनको म्याद दिनु--------------------------------------------------------------------------------------------------------१

३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु------------------------------------------------१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु------१

हिरालाल रेग्मी

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल कार्तिक महिना २३ गते रोज ५ शुभम् ........................